नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

सिंहदरबार,

काठमाण्डौ, नेपाल।

पत्रसंख्याः ०७८/७९

सा.स.सा.सु च.नं. १२०

मितिः २०७८।१०।०२

**श्री स्थानीय तह(सबै)।**

विषयः जानकारी सम्वन्धमा।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको पत्र संख्या ०७८/०७९, च.नं. बा.स.७८, मिति २०७८।०९।२६ को पत्र साथ संलग्न बाल उद्यान तथा मनोरञ्जन स्थल (निर्माण सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी नमुना मापदण्ड यसैसाथ संलग्न गरी जानकारीको लागि पठाईएको आदेशानुसार अनुरोध छ।

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः सबै स्थानीय तहलाई ईमेल गरिदिनुहुन।

बन्दना कुमारी के.सी.

शाखा अधिकृत

संघीय मामिला तथा सामान्य प्रशासन म...
दर्ता नं.:- ३०८६
दर्ता मिति:- ३।२६

नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन नं : ४२००१६८
फ्याक्स : ०१-४२००११६

(बाल संरक्षण तथा विकास शाखा)

प.सः ०७८/७९
च.नं: बा.सं./ ६८

मिति २०७८/०१/२६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौ।

विषयः बाल उधान तथा मनोरञ्जन स्थल (निर्माण सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी नमुना मापदण्ड,२०७८ सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा अठार मुनिका बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, सांस्कृतिक विकास तथा प्राकृतिक, जैविक, र शैक्षिक ज्ञान, सीप, सुचना जानकारी, एवम मनोरञ्जनका लागि प्राकृतिक रुख, बिरुवा, फलफुल, बगैचा लगायत सामाजिक, पुरातात्विक र ऐतिहासिक सार्वजनिक सम्पदाहरुलाई संरक्षण तथा संरक्षित र व्यवस्थित गरी बालबालिकाको उमेर, रुचि र आवश्यकता अनुसार खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण विकासको सुनिश्चिता गर्न गराउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्येक स्थानीय तहले एउटा वडामा कम्तीमा एउटा बाल उधानको व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको सन्दर्भमा त्यसको कार्यान्वयन गर्न सहज होस् भनि यस मन्त्रालयबाट बाल उधान तथा मनोरञ्न स्थल (निर्माण सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी नमुना मापदण्ड, २०७८ तर्जुमा गरिएको छ। यसै साथ संलग्न उक्त मापदण्ड सबै स्थानीय तहको जानकारीका लागि पठाईदिनु हुन यस मन्त्रालयको मिति २०७८/९/१९ को (मा. मन्त्रीस्तरीय) निर्णयानुसार अनुरोध छ।

निरञ्जन ज्ञवाली
शाखा अधिकृत

# बाल उद्यान तथा मनोरञ्जन स्थल (निर्माण, सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी नमुना मापदण्ड, २०७८

प्रस्तावना:

अठार वर्षमुनिका बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, सौंस्कृतिक विकास तथा प्राकृतिक, जैविक र शैक्षिक ज्ञान, सीप, सूचना, जानकारी एवम् मनोरञ्जनका लागि प्राकृतिक रूख, बिरूवा, फलफूल, बगैंचा लगायत सामाजिक, पुरातात्विक र ऐतिहासिक सार्वजनिक सम्पदाहरूलाई संरक्षण तथा संरक्षित र व्यवस्थित गरी बालबालिकाको उमेर, रूची र आवश्यकता अनुसार खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण विकासको सुनिश्चितता गर्न गराउन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रत्येक स्थानीय तहले एउटा वडामा कम्तीमा एउटा बाल उद्यानको व्यवस्था गर्नुपर्ने व्यवस्था समेतको कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

------पालिकाले बाल उद्यान तथा मनोरञ्जन स्थल निर्माण मापदण्ड, २०७८ बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस मापदण्डको नाम "बाल उद्यान तथा मनोरञ्जन स्थल (निर्माण, सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७८" रहेको छ।

(२) यो मापदण्ड कार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,—

(क) कार्यपालिका भन्नाले ------ पालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ख) "बाल उद्यान तथा मनोरञ्जन स्थल" भन्नाले अठार वर्षमुनिका बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, सौंस्कृतिक विकास तथा प्राकृतिक, जैविक र शैक्षिक ज्ञान, सीप, सूचना, जानकारी एवम् मनोरञ्जनका लागि प्राकृतिक रूख, बिरूवा, फलफूल, बगैंचा लगायत सामाजिक, पुरातात्विक र ऐतिहासिक सार्वजनिक सम्पदाहरूलाई संरक्षण तथा संरक्षित र व्यवस्थित गरी निर्माण गरिएको बाल शुलभ, बाल मैत्री उद्यान तथा पार्क सम्झनु पर्छ ।

(ग) "सामाजिक संघ संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता तथा स्थापना भई बालबालिकाको क्षेत्र तथा भौतिक पूर्वाधार निर्माणमा क्रियाशील संघ संस्था सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले गाउँपालिका, नगरपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

परिच्छेद-२

<u>बाल उद्यान तथा मनोरञ्जन स्थल निर्माण,व्यवस्थापन तथा सञ्चालन</u>

३. <u>बाल उद्यान तथा मनोरञ्जन स्थलको निर्माण:</u>(१) पालिकाले प्राथमिकता एवं औचित्यका आधारमा प्रत्येक वडामा कम्तीमा एउटा स्थानीय बाल उद्यान तथा मनोरञ्जन स्थल निर्माण गर्नेछ ।

४. <u>बाल उद्यान तथा मनोरञ्जन स्थलको लागत इस्टिमेट र डिजाइन गर्नुपर्ने:</u> बाल उद्यान तथा मनोरञ्जन स्थल निर्माण कार्यान्वयन गर्ने बाल उद्यान तथा मनोरञ्जन स्थल मापदण्ड बमोजिम हुने गरी बाल उद्यान तथा मनोरञ्जन स्थल निर्माणका लागि प्रचलित कानून बमोजिम प्राविधिक ड्र्इङ, डिजाइन, स्पेशिफिकेशन र सो को आधारमा लागत इस्टिमेट बनाई स्वीकृत गर्नुपर्नेछ ।

५. <u>बाल उद्यान तथा मनोरञ्जन स्थल, सञ्चालन तथा व्यवस्थापन:</u> बाल उद्यान तथा मनोरञ्जन स्थलको निर्माण एवम् सञ्चालनको लागि निजी क्षेत्र वा सामाजिक संघ संस्था मार्फत गर्ने गरी सम्झौता गर्न सक्नेछ।

६. <u>बाल उद्यान तथा मनोरञ्जन स्थल निर्माणको लागि जग्गा व्यवस्था:</u>(१) बाल उद्यान तथा मनोरञ्जन स्थलका लागि आफ्नै स्वामित्वको वा जग्गादाता मार्फत नि:शुल्क रूपमा जग्गा प्राप्ति गरी बाल उद्यान तथा मनोरञ्जन स्थल निर्माण कार्य गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्तिको लागि जग्गा सम्बन्धी अभिलेख अद्यावधिक गरी गराई प्रचलित नियमानुसार बाल उद्यान तथा मनोरञ्जन स्थलको कार्यालयको नाममा वा स्वामित्वमा ल्याई आवश्यक जग्गाको प्राप्ति वा व्यवस्थापन गरिनेछ ।

(३) उपदफा (१) बमोजिम नि:शुल्क जग्गा उपलब्ध हुन नसकेमा सम्बन्धित स्थानीय तहले नेपाल सरकार वा सामाजिक संघ संस्थाहरु वा व्यक्तिको स्वामित्वमा रहेको जग्गा भाडा सम्झौता गरी बाल उद्यान तथा मनोरञ्जन स्थल निर्माण गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम भाडामा जग्गा लिँदा बीस वर्ष वा सो भन्दा बढी समयको लागि प्रयोग गर्नेगरी भाडा सम्झौता गरिनेछ।

(४) उपदफा (१) र (३) बमोजिमका कार्य नसकेमा मात्र सो सम्बन्धी पर्याप्त कारण र आधारहरु खुलाई आन्तरिक स्रोत परिचालन गरी प्रचलित सार्वजनिक खरिद कानून बमोजिम जग्गा खरिद गरी बाल उद्यान तथा मनोरञ्जन स्थल निर्माण गर्न सकिनेछ ।

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

परिच्छेद-३

## बाल उद्यान तथा मनोरञ्जन स्थलसम्बन्धी मापदण्ड

७. क्षेत्रफल/भू-उपयोग सम्बन्धी व्यवस्था: बाल उद्यान तथा मनोरञ्जन स्थलको क्षेत्रफल/भू-उपयोग सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:-

(क) बाल उद्यान तथा मनोरञ्जन स्थलमा रहने प्राकृतिक, जैविक वा सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा सामाजिक दृश्य र वस्तु बाहेक कम्तीमा पचास प्रतिशत भाग खुल्ला रहने गरी कम्तीमा पचास देखि पाँच सय जना बालबालिका तथा व्यक्ति अटाउन सक्ने भौगोलिक क्षेत्रफल भएको भू-भाग हुनुपर्ने,

(ख) हावापानी र ठाउँ विशेष अनुसार बाल उद्यान तथा मनोरञ्जन स्थलमा प्राकृतिक रूख, बिरूवा, घाँस, फलफूल, बगैंचा वा फूलबारी रोप्न, वृक्षारोपण गर्न, लगाउन वा हुर्कन सक्ने भू-भाग भएको हुनुपर्ने,

(ग) बाल उद्यान तथा मनोरञ्जन स्थलमा कूल भू-भागको पच्चीस प्रतिशतमा नबढ्ने गरी भौतिक संरचनाहरु निर्माण गरिएको हुनुपर्ने,

(घ) बाल उद्यान तथा मनोरञ्जन स्थलमा कार्यालय क्षेत्र ( आवश्यकता अनुसार कार्यालय, टिकट काउन्टर / बैठक कक्ष,प्रतिक्षालय, सूचना केन्द्र आदि), मनोरञ्जन क्षेत्र खेलकुद क्षेत्र पार्किङ्ग स्थल लगायतका क्षेत्रहरु निर्माण गर्न सकिनेभू-भाग भएको हुनुपर्ने ।

८. पूर्वाधार सेवा तथा सुविधा: बाल उद्यान तथा मनोरञ्जन स्थलमा पूर्वाधार सेवा तथा सुविधा व्यवस्था देहाय बमोजिम हुनेछ:-

(क) बाल उद्यान तथा मनोरञ्जन स्थलमा साइकल ट्र्याक र पैदल मार्ग सबैको पहुँच योग्य, यथासम्भव प्राकृतिक निर्माण सामग्रीबाट निर्मित हुनुपर्ने,

(ख) उद्यानभित्र स्वच्छ खानेपानीको व्यवस्था हुनुपर्ने,

(ग) उद्यानभित्र उपयुक्त स्थानहरुमा बालबालिका तथा महिला, पुरुष र अपाङ्गता भएका व्यक्तिको लागि समेत शौचालयको व्यवस्था भएको हुनुपर्ने,

(घ) फोहोरमैलाको उचित व्यवस्थापन भएको हुनुपर्ने,

(ङ) उद्यानभित्र निर्माण गरिने हरेक भौतिक संरचनाहरु बालमैत्री तथा अपाङ्गमैत्री र बालबालिकाको लागि विशेष डिजाइन गरिएको फर्निसिङ्गको व्यवस्था हुनुपर्ने,

(च) खेल मैदान र पार्किङ्ग स्थलको व्यवस्था हुनुपर्ने,

(छ) आवश्यकतानुसार बिजुली बत्ती, सडक बत्ती आदिको सुविधा भएको हुनुपर्ने,

नेपाल सरकार

(ज) बाल उद्यान तथा मनोरञ्जन स्थलमा बालमैत्री खेल्ने सामाग्रीहरूको व्यवस्था भएको हुनुपर्ने ।

९. स्थान र पहुँच सम्बन्धी व्यवस्थाः बाल उद्यान तथा मनोरञ्जन स्थलको स्थान र पहुँच सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) बाल उद्यान तथा मनोरञ्जन स्थल पालिकाको केन्द्र र वडा कार्यालय रहेको स्थानको नजिक रहेको हुनुपर्नेछ ।

(ख) सकभर मोटर बाटो जोडिएको हुनुपर्ने,

(ग) सबै वर्ग र समुदायको लागि सहज पहुँच हुन सक्ने हुनुपर्ने,

(घ) अपाङ्गता भएका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहुँच सुनिश्चित गर्न बालमैत्री पूर्वाधार तथा वातावरण भएको हुनुपर्ने,

(ङ) नदी वा ताल तलाउ प्रणाली वा हरित वन जङ्गल क्षेत्र र खुला क्षेत्रसँग अन्तर सम्बन्ध जोडिएको हुनुपर्ने।

१०. राष्ट्रिय पहिचान र राष्ट्रियता झल्काउनेः बाल उद्यान तथा मनोरञ्जन स्थलमा राष्ट्रिय पहिचान र राष्ट्रियता झल्काउने व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय पहिचान झल्काउने कला, संस्कृति, संस्कार, बास्तुकला, बनस्पति, जातजातिको भेषभुषा, रहनसहन, दैनिकी, जीवनोपयोगी सीपसँग सम्बन्धित विषयवस्तुहरु समावेश भएको हुनुपर्ने,

(ख) आन्तरिक संरचना स्थानीय सीप, शैली, सामग्री, प्रविधिबाट निर्मित हुनु पर्ने,

(ग) स्थानीय बनस्पती र फलफूलका रुख बिरुवाहरुको बगैंचा वा फूलबारी भएको हुनुपर्ने ।

११. बाल संरक्षण र सुरक्षा सम्बन्धी व्यवस्थाः बाल उद्यान तथा मनोरञ्जन स्थलको बाल संरक्षण र सुरक्षा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) औद्योगिक उत्पादन तथा आणविक, रासायनिक हानिकारक बस्तु र ध्वनी प्रदूषणको जोखिम कम हुने वातावरणमा अवस्थित भएको हुनुपर्ने,

(ख) बाल उद्यान तथा मनोरञ्जन स्थलमा आँधीबेहरी, बाढी पहिरो, भूकम्प, आगजनी,वन्यजन्तुको आक्रमण, अपराध, हूलदंगा जस्ता बिपद्को जोखिम र भिडभाडबाट बच्न र बचाउन सोको सुरक्षा प्रत्याभूति भएको हनुपर्ने,

(ग) औद्योगिक क्षेत्र, बसपार्क, विमानस्थल, राजमार्ग वरपर तथा फोहोर थुपार्ने ठाउँ, घना वन जङ्गल, सैनिक व्यारेक, सिनेमा घर, श्यमसान घाट, सर्कस, मेला लाग्ने स्थानभन्दा टाढा भएको हुनुपर्ने,

(घ) खेल मैदान सफा, चोटपटक लाग्ने खतरा नभएको, हरियो दुबो वा घाँस उम्रेको र ओभानो अर्थात हिलो नहुने र पानी नजम्ने हुनुपर्ने,



नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ङ) बाल उद्यान तथा मनोरञ्जन स्थलमा आगलागी, भूकम्प लगाएतका प्राकृतिक तथा मानवीय विपद् आइपरेमा खतराको जानकारी दिने व्यवस्था मिलाएको हुनुपर्ने,

(च) बाल उद्यान तथा मनोरञ्जन स्थलमा कार्यरत कर्मचारी बाल अधिकार, बालमैत्री व्यवहार र बाल संवेदनशीलताको विषयमा तालीम लिएको वा जानकार भएको हुनुपर्ने,

(छ) बाल उद्यान तथा मनोरञ्जन स्थल प्रवेश द्वारमा बाल संरक्षण मापदण्डतथा आगन्तुकहरुले पालना गर्नु पर्ने आचार संहिता सबैले देख्ने गरी टाँसेको हुनुपर्ने,

(ज) समग्र रूपमा बाल उद्यान तथा मनोरञ्जन स्थलभित्र बालबालिकाको सुरक्षा तथा संरक्षण सम्बन्धी राम्रो प्रबन्ध मिलाएको हुनुपर्ने।

१२. <u>निर्माण सञ्चालन तथा व्यवस्थापनः</u> बाल उद्यान तथा मनोरञ्जन स्थलको निर्माण सञ्चालन तथा व्यवस्थापन देहाय बमोजिम हुनेछः-

(क) बाल उद्यान तथा मनोरञ्जन स्थल सञ्चालन तथा व्यवस्थापनको लागि .......... पालिकाले निश्चित रकम बिनियोजिन गरी कोष सञ्चालन गर्ने,

(ख) खण्ड (क) बमोजिमको कोषमा नेपाल सरकार, प्रदेश सरकार र सामाजिक संघ संस्था तथा दाताबाट प्राप्त सहयोग समेत परिचालन गर्ने,

(ग) खण्ड (क) बमोजिमको कोषबाट आय र व्यय स्पष्ट झल्कने गरी पारदर्शी र व्यवस्थित हिसाब राख्ने,

(घ) बाल उद्यान तथा मनोरञ्जन स्थलको स्याहार-सम्भार तथा मर्मत नियमित हुने व्यवस्था भएको हुनुपर्ने,

(ङ) नियमित सरसफाइको उचित व्यवस्था भएको हुनुपर्ने,

(च) बाल उद्यान तथा मनोरञ्जन स्थल सुरक्षाको उचित प्रबन्ध मिलाएको हुनुपर्ने।

## परिच्छेद-४

## <u>विविध</u>

१३. <u>सामाजिक संघ संस्थाको सहयोग लिनसक्नेः</u>(१) बाल उद्यान तथा मनोरञ्जन स्थल निर्माण, सञ्चालन तथा व्यवस्थापनको लागि इच्छुक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था वा सामाजिक संघ संस्थाबाट प्रचलित कानून बमोजिम आवश्यक सहयोग लिन सकिनेछ ।

१४. <u>गुनासो तथा उजुरी सम्बोधन सम्बन्धी व्यवस्थाः</u>बाल उद्यान तथा मनोरञ्जन स्थल सम्बन्धमा उजुरी परेमा कार्यालयबाट अनुगमन गरी सोको समाधान गरिनेछ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

१५. अनुगमन सम्बन्धी व्यवस्थाः(२) बाल उद्यान तथा मनोरञ्जन स्थल निर्माण तथा सञ्चालन र व्यवस्थापनको अनुगमन .......... पालिकामा गठित समितिले नियमित रूपमा गर्नेछ।

१६. प्रचलित कानून बमोजिम हुनेः यस मापदण्डमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. व्याख्या गर्ने अधिकारःयस मापदण्डमा भएको कुनै व्यवस्था अस्पष्ट भै व्याख्या गर्नु पर्ने भएमाकार्यपालिकाले व्याख्या गर्नेछ ।

१८. बाधा अड्काउ फुकाउनेःयस मापदण्डलाई कार्यान्वयन गर्दा कुनै बाधा परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।